# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, वैशाख ४ गते, २०८० साल (संख्या १

## भाग ५

### नेपाल सरकार

### गृह मन्त्रालयको

### सूचना

नेपाल सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धमा जाँचबुझ गर्न देहाय बमोजिमको जाँचबुझ आयोग गठन गरेकोले सोही दफाको उपदफा (३) बमोजिम यो सूचना प्रकाशन गरिएको छः-

**१. जाँचबुझ आयोगको संरचनाः**

(क) विशेष अदालतका पूर्व अध्यक्ष श्री गौरी बहादुर कार्की - अध्यक्ष

(ख) पूर्व नायब महान्यायाधिवक्ता श्री गणेश बाबु अर्याल - सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक
श्री उत्तम राज सुवेदी - सदस्य

**२. जाँचबुझ आयोगको कार्यादेश:**

(क) आयोगले देहाय बमोजिमका वा अन्य रुपमा भएका अनुचित लेनदेनसम्बन्धी उजुरी लिई जाँचबुझ गर्ने:-

(१) नभएको वा नगरेको रकम लिए दिएको भनी लिखत तयार गरेको,

(२) वास्तविक रकमभन्दा बढी रकमको लिखत तयार गरेको,

(३) लेनदेन गर्दाके बखतमा ब्याज रकमसमेत साँवामा जोडी लिखत तयार गरेको,

(४) ब्याजलाई साँवामा जोडी नयाँ लिखत तयार गरेको,

(५) ऋणीले तिरे बुझाएको रकमको भर्पाई नदिने वा लिखत नबनाउने गरेको,

(६) प्रचलित कानूनमा तोकिएभन्दा बढी ब्याज लिएको,

(७) ऋणको साँवाभन्दा बढी ब्याज लिएको,

(८) ऋण असुलीको लागि कुनै प्रकारको धम्की दिएको वा हिंसा वा शोषण गरेको,

(९) अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिएको ।

(ख) अनुचित लेनदेनसँग सम्बन्धित कानूनी तथा प्रशासनिक रुपमा सम्बोधन गर्नुपर्ने अन्य विषय,

(ग) अनुचित लेनदेन गर्ने पीडकलाई प्रचलित कानूनबमोजिम कारबाही र सजाय गर्नको लागि सिफारिस गर्ने,

(घ) अनुचित लेनदेनबाट पीडितलाई दिइने उपचार सिफारिस गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) अनुचित लेनदेन हुनुका कारण पत्ता लगाई आगामी दिनमा यस प्रकारका घटना हुन नदिन गर्नुपर्ने कानूनी, प्रशासनिक वा अन्य सुधारका उपायका सम्बन्धमा सिफारिससहितको प्रतिवेदन पेश गर्ने ।

**३. समयावधि र जनशक्तिः**

(क) आयोगले कार्य प्रारम्भ गरेको मितिले तीन महिनाभित्र रायसहितको प्रतिवेदन गृह मन्त्रालयसमक्ष पेश गर्ने,

(ख) आयोगको सचिवालयमा आवश्यक पर्ने देहाय बमोजिमको जनशक्ति गृह मन्त्रालयले व्यवस्थापन गर्नेः-

| | |
|---|---|
| (क) उपसचिव, नेपाल प्रशासन सेवा | -१ जना |
| (ख) शाखा अधिकृत (नेपाल प्रशासन सेवा-१ र नेपाल न्याय सेवा-१), | -२ जना |
| (ग) प्रहरी निरीक्षक | - १ जना |
| (घ) नायव सुब्बा, नेपाल प्रशासन सेवा | -१ जना |
| (ङ) कम्प्युटर अपरेटर, नेपाल विविध सेवा | -१ जना |
| (च) हलुका सवारी चालक | -४ जना |
| (छ) कार्यालय सहयोगी | -२ जना |

**४. जाँचबुझ आयोगका अध्यक्ष तथा सदस्यको सेवा सुविधा र अन्य व्यवस्थाः-**

(क) आयोगको अध्यक्षलाई नेपाल सरकारको राज्यमन्त्री सरहको पारिश्रमिक एवं सो पारिश्रमिकको पचास प्रतिशत भत्ता र सवारी चालकसहितको सवारी साधन उपलब्ध गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आयोगका सदस्यहरुलाई राजपत्राङ्कित विशिष्ट श्रेणीसरहको पारिश्रमिक एवं पारिश्रमिकको पचास प्रतिशत भत्ता र सवारी चालकसहितको सवारी साधन उपलब्ध गराउने,

(ग) आयोगका अध्यक्ष र सदस्यहरुलाई मुकाम रहेको स्थानमा निवाससहितको कार्यालयको व्यवस्था गृह मन्त्रालयले मिलाउने,

(घ) आयोगको सचिवालयमा काम गर्ने कर्मचारी तथा आयोगको काममा खटिने कर्मचारीहरुलाई निज बहाल रहेको आफ्नो पदको शुरु तलब स्केलको पचास प्रतिशत भत्ता उपलब्ध गराउने,

(ङ) आयोगको सचिवालयलाई आवश्यक पर्ने सवारी साधन, फर्निचर लगायतका कार्यालय सामान गृह मन्त्रालयले व्यवस्थापन गर्ने,

(च) आयोगलाई आवश्यक पर्ने बजेट अर्थ मन्त्रालयले गृह मन्त्रालयलाई उपलब्ध गराउने।

५. **मुकामः** आयोगको सचिवालय धनुषा जिल्लामा रहनेछ ।

६. **सम्पर्क मन्त्रालय**: आयोगको सम्पर्क मन्त्रालय गृह मन्त्रालय हुनेछ ।

**आज्ञाले,**
**विनोद प्रकाश सिंह**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।